दामका धन्ग्रीमुडा सिचाई कुलो योजना उपभोक्ता समिति, त्रिवेणी गाउँपालिका वडा नं.१ , सल्यान
कुम्लेवगर तारी सिचाई कुलो योजना उपभोक्ता समिति, त्रिवेणी गाउँपालिका वडा नं.२ , सल्यान
को संयुक्त खरिद समिति

**त्रिवेणी गाउँपालिका, लुहाम सल्यान**

# संसोधन सहितको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/३१

त्रिवेणी गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, सल्यान अन्तरगत त्रिवेणी गाउँपालिकामा सञ्चालित तपसीलका सिंचाई कुलो योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। साथै यस अघि जारि सुचनामा अनुमानित लागतमा रकम उल्लेख भएको तर कुनै एक सामग्रीको बिवरण दरभाउपत्रमा छुटन गएकोले पुनः दरभाउपत्र सच्याईएको व्यहोरा जानकारी गराइन्छ।

| समुह | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने) | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| समूह क | दामका धन्ग्रीमुडा सिचाई कुलो योजना वडा नं. १<br>कुम्लेबगर तारी सिंचाइ कुलो योजना , वडा नं. २ | ३४४७९०७।५२ (अक्षरेपी चौतिस लाख सर्चालिस हजार नौ सय सात रुपैंया बाउन्न पैसा मात्र) | ३०००।०० (अक्षरेपी तिन हजार रुपैया मात्र ) | रिखेबजार, योजना स्थल |

**संसोधित शर्तहरुः**

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्वन्धी दरभाउपत्र फारम प्रति फाराम रु. ३००० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) त्रिवेणी गाउँपालिकाको राष्ट्रिय वाणीज्य बैंक शाखामा रहेको खाता नं. ४३८०१००३०१०१०००२ (आन्तरिक राजस्व खाता) मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ औं (सातौ) दिनको कार्यालय समय भित्र त्रिवेणी गाउँपालिकाको कार्यालयवाट वा त्रिवेणी गाउँपालिकाको वेबसाईट http://trivenimunsalyan.gov.np/ बाट डाउनलोड गरि दरभाउपत्र खरिद गर्न सकिने भएकोमा थप ३ दिन समय थप गरि १० औ (दशौ) दिनको कार्यालय समय भित्र खरिद गर्न सकिने छ त्यसैगरी जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतवाट वा परियोजनाको वेबसाईट http://www.laccp.org.np/ बाट डाउनलोड गरि दरभाउपत्र खरिद गर्न सकिने छ । तर सप्लायर्स ले सिलबन्दी दरभाउपत्र दर्ता गर्दा त्रिवेणी गाउँपालिकाको माथि उल्लेखित राजस्व खातामा जम्मा गरेको भौचरको सक्कल प्रति सिलबन्दी दरभाउपत्रसंगै अनिवार्य पेश गर्नुपर्नेछ ।

२) खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ११ औं (एघारौ) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ११ औं (एघारौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८३ साल जेठ ११ गते त्रिवेणी गाँउपालिकाको कार्यालय लुहाममा दिउसो १२:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, गाउँपालिका कार्यालयका प्रतिनिधिहरु, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना त्रिवेणी गाउँपालिकाको सूचना पाटीमा टाँस तथा वेवसाईटमा राखिनेछ।

१२) दरभाउपत्र संसोधन भएको हुदा संसोधित दरभाउपत्र लाई मात्र मान्यता दिइनेछ भने पुरानो दरभाउपत्रलाई मान्यता दिईनेछैन साथै पहिले खरिद गरेको आपूर्तिकर्ताले पुनः दरभाउपत्र खरिद गर्दा थप दस्तुर भने लाग्ने छैन।

१३) अन्य थप जानकारी चाहिएमा त्रिवेणी गाउँपालिका/परियोजना कार्यान्वयन गर्ने पालिका इकाई (९८४७९९८९४१/९८५७८७७७७६) वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर, सुर्खेतमा सम्पर्क गर्न सकिनेछ ।

**तपसील**

१.दामका धन्ग्रीमुडा सिचाई कुलो योजना उपभोक्ता समिति, त्रिवेणी गाउँपालिका वडा नं.१ , सल्यान

२.कुम्लेबगर तारी सिचाई कुलो योजना उपभोक्ता समिति, त्रिवेणी गाउँपालिका वडा नं.२ , सल्यान

**संयुक्त खरिद समिति**